## सम्वत् २०८१ साल असार १ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोग, कोशी प्रदेशबाट तयार गरिएको कोशी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/०८२-२०८५/०८६) स्वीकृत गर्ने।

२. आन्तरिक मामिला तथा कानून मन्त्रालयः धिमाल जातिको प्रमुख पर्व जातिरी/सिरिजातको अवसरमा कोशी प्रदेशमा रहेका धिमाल जातिका लागि मात्र मिति २०८१ साल असार २ गते सार्वजनिक विदा दिने।

३. आर्थिक मामिला तथा योजना मन्त्रालयः कोशी प्रदेश आर्थिक विधेयक, २०८१ र कोशी प्रदेश विनियोजन बिधेयक, २०८१ तथा आगामी आर्थिक वर्ष २०८१।८२ को बजेट वक्तव्य, कार्यक्रम पुस्तिका, स्रोतगत र शीर्षकगत व्ययको विवरण एव् मध्यमकालिन खर्च संरचना (२०८१/८२-२०८३/८४) प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः मिति २०८१।०२।३१ गते राती परेको अविरल बर्षाका कारण ताप्लेजुङ्ग जिल्लाको फक्तालुङ्ग गाउँपालिका वडा नं. १ मा गएको पहिरोले रबिन लिम्बुको परिवारका ४ (चार) जनाको मृत्यु भएको हुदाँ उक्त परिवारलाई राहत स्वरुप रु ३,००,०००।-(तीन लाख) उपलब्ध गराउने।

## सम्वत् २०८१ साल असार २० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरु:

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश मन्त्रिपरिषद् समिति (आर्थिक मामिला तथा योजना मन्त्री राम बहादुर मगरज्यूको संयोजकत्वमा राजनैतिक तथा प्रशासन समिति, आन्तरिक मामिला तथा कानून मन्त्री लिलाबल्लभ अधिकारीज्यूको संयोजकत्वमा कानून, न्याय तथा प्रदेश मामिला समिति र स्वास्थ्य मन्त्री राजेन्द्र कार्कीज्यूको संयोजकत्वमा आर्थिक, सामाजिक तथा पूर्वाधार समिति) गठन गर्ने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश निजामती सेवा ऐन, २०७९ लाई संशोधन गर्ने विधेयक प्रदेश सभामा पेश गर्ने विषयको प्रस्ताव प्रदेश मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने।"



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) (चौथो संशोधन) आदेश, २०८१ स्वीकृत गर्ने।

४. आन्तरिक मामिला तथा कानून मन्त्रालयः मिति २०८०।१०।०६ गते जारी भएको केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८०" लाई नेपालको संविधानको धारा २०२ को उपधारा (२) को खण्ड (ख) बमोजिम खारेज गर्न माननीय प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने।

५. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ लाई संशोधन गर्न बनेको विधेयक लाई प्रदेश सभामा प्रस्तुत गर्ने।

६. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः कोशी प्रदेश बीउ बिजनका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

७. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः कोशी प्रदेश जीवनाशक विषादी व्यवस्थापनको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गर्ने।

८. पर्यटन, वन तथा वातावरण मन्त्रालयः पूरानो घरको पुरानो काठ ओसारपसार गर्ने कार्य प्रदेश राजपत्रमा सूचना प्रकाशन भएको मितिले ६ महिनासम्मको लागि खुल्ला गर्ने।

९. भौतिक पूर्वाधार विकास मन्त्रालयः मिति २०८०/०५/२४ मा माननीय प्रदेश प्रमुखबाट प्रमाणीकरण भएको कोशी प्रदेश विनियोजन अध्यादेश, २०८० बमोजिम कार्यान्वयन भएका तर प्रतिस्थापन बिधेयक (कोशी प्रदेश विनियोजन ऐन, २०८०) मार्फत कटौती भएका सात वटा योजनाहरु पुनः समावेश गर्ने।

## सम्वत् २०८१ साल असार ३० गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरुः

१. आन्तरिक मामिला तथा कानून मन्त्रालयः केही प्रदेश ऐनको साविकको व्यवस्था जगाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. पर्यटन, वन तथा वातावरण मन्त्रालयः केचना-कञ्चनजंगा पर्यटन विकास समिति (गठन) आदेश, २०८१ स्वीकृत गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

३. सामाजिक विकास मन्त्रालयः पाथीभरा क्षेत्र विकास समिति (गठन) आदेश, २०८१, बृहत्तर बराहक्षेत्र विकास समिति (गठन) आदेश, २०८१ र हलेसी महादेवस्थान विकास समिति (गठन) आदेश, २०८१ स्वीकृत गर्ने।"

४. सामाजिक विकास मन्त्रालयः "लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यबिधि, २०८१" स्वीकृत गर्ने।

५. सामाजिक विकास मन्त्रालयः खेल संस्थालाई मापदण्डमा आधारित अनुदान सहायता वितरण सम्बन्धी कार्यबिधि, २०८१ स्वीकृत गर्ने विषयको प्रस्ताव प्रदेश मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी समितिको निर्णय बमोजिम गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*